का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ भदौ २०८१,

शुक्रबार

30 August, 2024

Friday

मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

वर्ष २२, अंक १९९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

प्रधानमन्त्री नै भन्छन्

## 'मुलुकमा अराजकता फैलिँदो छ'

नेताहरूका अनुसार पार्टीको सचिवालय बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले 'मुलुकमा अराजकता फैलिँदो छ। केही अराजकतावादी शक्ति र केही पार्टीले सरकार र एमालेमाथि आक्रमण शुरु गरेको' ब्रिफिङ गरेका हुन्।



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १३ भदौ।

केपी शर्मा ओली दुईतिहाइ बहुमतसहितको सरकारका प्रधानमन्त्री हुन्। प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेको संयुक्त सरकारको नेतृत्वकर्ता प्रधानमन्त्री ओलीले गत साउन ६ गते २७५ सदस्यीय प्रतिनिधि सभाबाट १८८ सांसदको मत पाएका थिए।

संविधान संशोधन गर्नेसहितका एजेण्डा लिएर शक्तिशाली प्रधानमन्त्री भएका ओलीले सरकारमाथि आक्रमण भएको गुनासो गरेका छन्। सरकारको बचाउका लागि पार्टीका नेता/कार्यकर्तालाई उनको आग्रह छ।

बिहीबार नेकपा एमालेको सचिवालय बैठक पार्टी केन्द्रीय कार्यालय च्यासल ललितपुरमा बसेको थियो। जसलाई सम्बोधन गर्दै एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीले सरकार र एमालेमाथि चौतर्फी आक्रमणको प्रयास भइरहेको बताए। यसलाई प्रतिवाद गर्नुपर्ने अवस्था आएको भन्दै उनले पार्टीका नेता/कार्यकर्तालाई प्रतिवाद गर्न आग्रह गरेका छन्।

नेताहरूका अनुसार सरकार र पार्टी नेतृत्वलाई बदनामा गर्ने, चरित्र हत्या गर्ने कार्य भइराखेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले सतर्कता अपनाउन सचिवालय सदस्यलाई आग्रह गरेका छन्।

नेताहरूका अनुसार प्रधानमन्त्री ओलीले भनेका छन्, 'मुलुकमा अराजकता फैलिँदो छ। केही अराजकतावादी शक्ति र केही पार्टीले सरकार र एमालेमाथि आक्रमण सुरु गरेका छन्।'

अराजकता गतिविधि नियन्त्रण गर्न सरकार सजग रहेको भएतापनि पार्टीका नेता/कार्यकर्ताको समेत साथ चाहिएको उनले बताएका छन्। यसका लागि पार्टीका नेता/कार्यकर्ताल अराजकता फैलाउनेहरूको गतिविधि नियालेर प्रतिवाद गर्नुपर्ने उनको आग्रह छ।

नेताहरूले सत्तासमीकरण फेरबदलको हल्ला चलेको भनेर प्रधानमन्त्री आलीलाई सोधेका थिए। प्रधानमन्त्री ओलीले सरकारलाई अघि बढ्न कुनै समस्या नभएको जवाफ दिएका छन्। बरु सरकार आगामी दिनमा परिणाम निकाल्ने गरी अग्रसर रहेको बताए।

नेताहरूका अनुसार सरकारको नेतृत्वमा भएता पनि एमालेले जनतामा जाने कार्यक्रम बनाएर जाने नीति लिएको छ। यसका लागि बिहीबारको सचिवालय बैठकमा महासचिव शंकर पोखरेलले पार्टीको वार्षिका कार्ययोजनको मस्यौदा पेस गरे।

पार्टी संगठनलाई गतिशील बनाउन, सदस्यता वितरणलाई तीब्रता दिन, सदस्यता नवीकरणलाई चुस्त बनाउन, केन्द्रदेखि स्थानीय तहसम्म नियमित बैठक गर्न, »» पृष्ठ २ मा



## 'सरकार नै गम्भीर हुनुपर्छ'

जातीय भेदभावका घटना अन्त्यका लागि सरकार नै गम्भीर हुनुपर्ने सरोकारवालाहरू बताउँछन्।

दलितका लागि दलित आन्दोलन नेपालका संयोजक एवम् अभियन्ता खगेन्द्र सुनार जातीय मुद्दाको प्रभावकारी ढंगले काम नहुँदा प्रहरी समक्ष उजुरी कम मात्रामा परेको दाबी गर्छन। उनले जातीय मुद्दा सरकारवादी मुद्दा भएको हुँदा पनि प्रहरीसमक्ष घटना कम आएको बताए।

'यो मुद्दा सरकारवादी मुद्दा हो। सरकारले हेर्छ, त्यही पनि प्रभावकारी रूपमा काम हुँदैन यसले मुद्वाहरु कम परेको होलान्' उनले भने 'यसलाई प्रभावकारी बनाउन सरकार गम्भीर भएर लाग्नुपर्ने देखिन्छ।'

अभियान्ता सुनारले दलितका मुद्दामा मात्रै नभई जुनसुकै मुद्दामा पनि सरकारको ध्यान नदिएको आरोप लगाउन्छन्। अन्य अभियान चलाउने सरकारले जातीय विभेदको अन्त्य गर्न विभिन्न अभियान चलाउन आवश्यक रहेको सुझाउँछन्। न्यायपालिका पनि यस विषयमा गम्भीर हुन जरुरी रहेको उनको बुझाइ छ।

विभेद न्याय पाउने आशा नरहेकाले प्रहरीसमक्ष घटना नपुग्ने गरेको उनको बुझाइ छ। कहिलेकाहीँ प्रशासनले नै उजुरी लिन नमानेको उनको गुनासो छ।

नेपालको संविधान, २०७२ को धारा २४ ले छुवाछुत तथा भेदभावविरुद्धको हक प्रदान गरेको छ। संवैधानिक व्यवस्थाअनुसार कुनै पनि व्यक्तिलाई निजको »» पृष्ठ २ मा

## प्रहरीसम्मै पुग्दैन जातीय भेदभावका घटना

जातीय विभेदका सार्वजनिक भए सामाजिक सद्भाव खल्बलिने गलत बुझाइले गुपचुप हुने गरेको सरोकारवालाहरूको बुझाइ छ। समाजमा विभेदको स्वीकारोक्ति नरहको र प्रहरीमा उजुरी दिने हदम्याद रहेका कारणले समेत समस्या पारेको पाइन्छ।

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १३ भदौ।

कर्णाली प्रदेशमा जातीय विभेदका घटना रोकिएको छैन। बरु गाउँमा हुने भेदभाव प्रहरीकहाँ कमै मात्र पग्ने गरेको बताउँछन् कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता वीरबहादुर ओली। धेरैजसो घटना गाउँमै मिलापत्र गर्ने हुँदा प्रहरीमा उक्त घटना कम आउने गरेको उनको बुझाइ छ।

उनी भन्छन्, 'भेदभाव केही कम त भएको होला तर पनि कतिपय ठाउँमा अझै उस्तै छ, उनी भन्छन्, 'घटना भएपनि गाउँकै ठुलाबडाहरूले उक्त घटना मिलापत्र गरिहाल्छन्, प्रहरीसामु आए पक्राउ पर्ने मुद्दा मामिला हुने गाउँका मान्छेसँग रिसिभी बढ्छ भन्ने त्रास पनि देखिन्छ।'

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक रुपेश खड्का पनि गाउँ घरमा जातीय छुवाछुत भएपनि प्रहरीसमक्ष कमै मात्रामा आएको बताउँछन्। उनका अनुसार एक वर्षमा एक/दुईवटा मात्रै उजुरी पर्ने गरेका सुनाउँछन्।

कर्णाली प्रदेशमा पाँच वर्षमा जातीय विभेदका घटना सयौँ मात्रामा घटेपनि प्रदेश प्रहरी कार्यालयमा भने १९ वटा मात्रै उजुरी परेको तथ्यांक छ।

प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको तथ्यांकमा पाँच वर्षमा कर्णालीका दश जिल्लाबाट जातीय विभेदका जम्मा १९ वटा मात्रै उजुरी परेको देखाइएको छ। जसमा आर्थिक वर्ष २०७६/०७७ मा २, २०७७/०७८ मा ६ २०७८/०७९ मा एउटा पनि घटना दर्ता भएका छैनन्। यस्तै २०७९/०८० मा ३ र २०८०/०८१ म ८ वटा उजुरी दर्ता भएको प्रवक्ता ओलीले जानकारी दिए। उजुरीका आधारमा यी पाँच वर्षमा २४ जना पक्राउ परेका छन्।

जातीय विभेदका घटना बाहिर ल्याउँदा सामाजिक सद्भाव खल्बलिने भन्ने भाष्यले घटना बाहिर नआएको बुझाइ प्रहरीको छ। »» पृष्ठ २ मा



भेदभावका घटना भएपनि गाउँकै ठूलाबडाहरूले मिलापत्र गरिहाल्छन्, प्रहरीसामु आए पक्राउ पर्ने, मुद्दा मामिला हुने, रिसिइभी बढ्छ भन्ने त्रास पीडितहरूमा देखिन्छ।

**वीरबहादुर ओली**
**प्रवक्ता**
**प्रहरी कार्यालय सुर्खेत**
**कर्णाली प्रदेश**

वैदेशिक रोजगार विशेष

## क्रोएसिया पठाउने भन्दै ठग्ने तीन पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ भदौ

वैदेशिक रोजगारीमा क्रोएसियासहित विभिन्न मुलुकमा पठाइदिने भन्दै करिब ७ लाख रूपैयाँ ठगी गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा सुनसरी मिक्लाजुङ गाउँपालिका-७ घर भइ हाल काठमाडौंको गोकर्णेश्वर नगरपालिका-८ माकलबारी बस्ने ४२ वर्षीय शशी लामा, कास्की माछापुच्छे-६ घर भइ हाल काठमाडौं महानगरपालका-२६ रानीबारी बस्ने ३२ वर्षीया रोशनी विश्वकर्मा तथा सिन्धुली कमलामाई नगरपालिका-७ घर भइ हाल भक्तपुरको सूर्यविनायक नगरपालिका-६ बस्ने २५ वर्षीय गणेशबहादुर श्रेष्ठ रहेको प्रहरीले जनाएको छ।

उनीहरु युरोपेली मुलुक क्रोएसिया र यूएईलगायतका देशमा आकर्षक तलब सुविधासहितको रोजगारीमा लैजाने भन्दै पीडितहरूलाई लामो समयसम्म झुक्याएर सम्पर्कविहीन भएका थिए।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवम् प्रहरी उपरीक्षक काजीकुमार आचार्यले उनीहरूले वैदेशिक रोजगारीमा पठाउने आश्वासन दिएर ६ लाख ७७ हजार लिएको देखिएको प्रहरी बताएको छ। पक्राउ परेकामध्ये अभियुक्त लामाले ४ लाख ६५ हजार, विश्वकर्माले १ लाख दुई हजार तथा श्रेष्ठले २ लाख १० हजार लिएको प्रहरीले बताएको छ। उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि बिहीबार वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौं पठाइएको प्रहरीले बताएको छ।

### कतारमा अस्ताए म्याग्दीका हरि

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १३ भदौ

वैदेशिक रोजगारीको सिलसिलामा कतार आएका म्याग्दीका हरिबहादुर विकको निधन भएको छ।




पाँच वर्ष आठ महिना पहिले कतार आएका धवलागिरि २ लुलाङ् म्याग्दीका ३१ वर्षीय विकको कार्यस्थलमा करेन्ट लागेर निधन भएको हो। नेपालबाट हेभी ड्राइभर भिसामा श्रम सम्झौतामार्फत कतार आएका उनको अगस्ट २१ तारिक बिहान सवा ९ बजे मृत्यु भएको थियो।

विकको शव बिहीबार साँझ सबै कानूनी प्रक्रिया पूरा गरी नेपाल पठाउन लागिएको मोना आईसीसीका कोषाध्यक्ष तथा मोना कतारका प्रमुख सल्लाहकार नरेन्द्र फगामीले मध्यान्ह दैनिकलाई जानकारी दिए। फगामीले कम्पनीमार्फत मृतकले पाउनुपर्ने सम्पूर्ण रकम कम्पनीका अधिकारीले मृतककी »» पृष्ठ २ मा

## लापरवाहीले जहाज ग्राउन्डेड







राष्ट्रिय ध्वजावाहक निजीकरण गर्नु राम्रो नभए पनि सधैँ समस्या र आर्थिक रुपमा कमजोर बनाएर चलाउन हुँदैन। जहाज किन्न सरकारसँग पैसा नभएको भन्दै निजी क्षेत्रलाई सञ्चालनको लागि दिन उपयुक्त हुन्छ।

**■ पशुपति शमशेर जबरा**
**सांसद, राष्ट्रिय प्रजातन्त्र पार्टी**

निगमसँग चार वटा विमान छ। हिमालय एयरलायन्ससँग पनि चार वटा विमान छ। हिमालयको जहाज कहिले ग्राउन्डेड आउँदैन। तर निगमको किन आउँछ ?

**■ देवीप्रकाश भट्टचन**
**सांसद, नेकपा एमाले**

निगमले लिएको ऋण र सावाँ तिर्न समेत नसक्ने अवस्था छ। निगमसँग भएको ४ वटा अन्तराष्ट्रिय उडान भर्ने विमान मध्ये तीन वटा चाडपर्वकै सिजनमा समयमै मर्मत नहुँदा ग्राउन्डेड भएका छन्। वर्षौंदेखि घाटाको व्यापार गरेको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई निजीकरण गर्ने पक्षमा सांसदहरु उभिएका छन्।




**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं १३, भदौं।

नेपाल वायुसेवा निगमका तीन वटा जहाज एकै पटक ग्राउन्डेड हुने विषयले निगमको गम्भीर लापरवाही देखिएको हो। जहाजको समयमै मर्मतसम्भार नहुँदा सधैँ ग्राउन्डेडले निगमको व्यावसायिक यात्रा नै संकटमा परेको छ। निगम नै टाट पल्टिने अवस्था आएपछि प्रतिनिधिसभाको अन्तर ाष्ट्रिय सम्बन्ध तथा पर्यटन »» पृष्ठ २ मा

# कालाबजारी, मूल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रण गर्न गृहमन्त्रीको निर्देशन



**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले चाडपर्व लक्षित कृतिम अभाव, कालाबजारी, मूल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रण गर्न निर्देशन दिएका छन् ।

चाडपर्व लक्षित सहज आपूर्ति व्यवस्थापन र प्रभावकारी बजार अनुगमनसम्बन्धी विषयमा सरोकारवालासँगको छलफलमा उनले यस्तो निर्देशन दिएका हुन् । 'कृत्रिम अभाव, कालाबजारी, मूल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्रीवितरण नियन्त्रणका लागि हामी कहाँनिर सहयोगी हुनुसक्छौं । चाडपर्वको बेलामा दैनिक उपभोग्यका सामग्रीको सहज र सरल पहुँच हुनुपर्‍यो', उनले भने ।

यसपालिको चाडपर्वमा तीन-चार कुरामा परिणाम देखिनेगरी काम गर्न गृहमन्त्री लेखकले निर्देशन दिए । 'कृत्रिम अभाव कुनै हालतमा पनि हुनु भएन । कृतिम अभाव देखाउने कुरा कुनै हालतमा सह्य हुँदैन । त्यसका लागि हेर्ने निकायले हेर्नुपर्‍यो । त्यसमा गृह मन्त्रालयको पूरा सहयोग रहन्छ', उनले भने । दशैं तिहारका बेला एकै रातमा हुने मूल्यवृद्धिलाई सुक्ष्म ढंगले हेरेर नियन्त्रण गर्न गृहमन्त्री लेखकले निर्देशन दिए । 'मूल्य वृद्धिको उचित कारण हुनुपर्‍यो नि ? उही सामान एक दिनअघि एउटा मूल्य छ, अर्को दिन अर्को मूल्य हुन्छ । यो कुरालाई सबैले गम्भीरताका साथ लिएर परिणाम आउनेगरी काम गर्नुपर्‍यो', उनले भने, 'गुणस्तरहीन खाद्यवस्तुको बिक्री चाडवाडमै बिक्री गरिन्छ । गुणस्तरहीन वस्तु उपभोक्ता कहाँ पुग्ने यही बेला हो । यसलाई कडाइका साथ हेर्न जरुरी छ ।'

सरोकारावाला पक्षमा समन्वय हुँदा परिणाम दिन सकिने भन्दै चाडपर्वपछि बस्ने अर्को बैठकमा त्यसको मूल्यांकन हुने गृहमन्त्री लेखकले बताए । 'गृह मन्त्रालय एकातिर, वाणिज्य मन्त्रालय एकातिर, अनुगमन एकातिर, गणस्तर नापजाँच एकातिर भयो भने राम्रो हुँदैन । एकीकृत रुपमा काम गर्नुपर्‍यो', उनले भने, 'अहिले छलफल भएका विषयमा कसलाई कहाँनिर सहयोग चाहिन्छ । तमतयार भएर सहयोग दिनुहोस् । परिणाम आउनेगरी काम हुनुपर्‍यो । चाडपर्वपछि आजको छलफलमा भएका कुराको मूल्यांकनका लागि हामी फेरि बैठक बस्छौं ।'

छलफलमा गृहसचिव एकनारायण अर्यालले वाणिज्य विभागले सबै सहायक जिल्ला अधिकारीसँग जुम मिटिङ गरेर बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने बताए । यसपालि दसैंमा सुपथ पसल बढाइने भन्दै कालोबजारी गर्नेमाथि निर्मम भएर कारबाही गरिने उनको भनाइ थियो ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण संरक्षण विभागका महानिर्देशक राजन पौडेलले छलफलमा बजार अनुगमनको अवस्था, बजार अनुगमनको अपेक्षा, अत्यावश्यक दैनिक खाद्य तथा उपभोग्य वस्तुको आपूर्तिबारे जानकारी गराएका थिए । यस्तै बजार अनुगमनको दोहोरोपना हटाएर सरकारले मूल्य निर्धारणको हक राख्नुपर्नेमा सरोकारवालाको जोड थियो ।

# टीआरसी विधेयक प्रमाणीकरण



**काठमाडौं/मस-**राष्ट्रपति रामचन्द्र पौडेलले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी (टीआरसी)विधेयक प्रमाणीकरण गरेका छन् । राष्ट्रपति पौडेलले बिहीबार नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम उक्त विधेयक प्रमाणीकरण गरेका हुन् । संघीय संसदका दुवै सदनको बैठकबाट पारित भइ प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष सो विधेयक पेस भएको थियो । ऐन अनुसार अब सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोग गठनको बाटो खुलेको छ ।

गम्भीर मानवअधिकार उल्लंघनमा जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसा, बेपत्ता, निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरेको नियतपूर्वक वा स्वेच्छाचारी रूपमा गरिएको हत्या (आर्बिटरी किलिङ) वा व्यक्ति बेपत्ता पार्ने कार्य, अमानवीय वा क्रूर यातनालाई राखिएको छ । सत्य निरुपण तथा मेलमिलाप आयोगमा सशस्त्र द्वन्द्वसँग सम्बन्धित करिब ६४ हजार उजुरी छन् । जसमध्ये चार हजारको प्रारम्भिक अनुसन्धानको काम सकिएको छ । बेपत्ता आयोगमा तीन हजार भन्दा बढी उजुरी परेको छ ।

विधेयकमा दुवै आयोगको म्याद चार वर्ष तोकिएको छ । अब बन्ने आयोगले जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका सम्बन्धमा ३ महिना समय दिएर पुनः उजुरी लिइनेछ । यस्ता घटनामा संलग्न देखिएका व्यक्तिविरुद्ध पर्ने मुद्दा हेर्न तीन सदस्यीय विशेष अदालतमा गठन हुनेछ । अदालतमा उच्चको न्यायाधीशहरुबाट अध्यक्ष र सदस्य रहने छन् । मुद्दा लिएर जाँदा प्रचलित कानूनमा भएको सजायको २५ प्रतिशत सजाय मागदाबी गर्न सक्नेछन् ।

# नगरप्रमुखसँग विद्यार्थीले राखे गुनासो

**मनु यादव निरज/मध्यान्ह**
लहान, १३ भदौ




लहान सिटी जेसिजको आयोजना र लहान नगरपालिकाको सहकार्यमा लहान नगरपालिका-१९ स्थित जनता मावि सोनमति गाढामा विद्यार्थीसँग नगरप्रमुख कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा विद्यार्थीहरुले विद्यालयका समस्याहरु उठान गरेका थिए । जसको सम्बोधन गर्दै मेयर महेश चौधरीले विद्यालयका अधुरो कम्पाउण्ड, वाल निर्माण पूरा गर्ने प्रतिबद्धता जनाएका छन् । गत आवमा यस विद्यालयमा ६० लाखमा ४ कोठे भवन र २५ लाखमा वाल निर्माण भएका थिए । त्यसमा चालू आवमा ९ लाख वालको लागि बजेट विनियोजन गरिएको मेयर चौधरीले जानकारी गराए । अंग्रेजी माध्यम पठन पाठन शुरु गर्ने विद्यार्थीहरुले माग गरेका छन् । कार्यक्रममा प्रअ अरविन्द दास, जेसि राकेश झा, शंकर गुप्ता, जेसिज लहान अध्यक्ष उमेश यादवलगायतको उपस्थिति थियो ।

# अर्घाखाँचीमा लक्ष्यअनुसार बजेट खर्च हुन सकेन




**अर्घाखाँची/मस-**संघ र प्रदेश सरकारको विकास खर्च न्यून देखिएको भन्दै आलोचना भइरहेका बेला अर्घाखाँचीको स्थिति झन् खराब देखिएको छ । बर्सेनी ठूलो आकारको बजेट ल्याउने तर लक्ष्यअनुसार खर्च गर्न नसक्ने परिपाटी जिल्लामा पनि देखिएको हो ।

जिल्लामा चालुभन्दा पुँजीगत बजेट बढी छुट्याइएका कारण उनीहरूको पुँजीगत खर्च तुलनामा बढी देखिए पनि समग्र खर्च निकै कम देखिएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय अर्घाखाँचीले उपलब्ध गराएको जिल्ला स्तरीय खर्चसम्बन्धी प्रारम्भिक विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ को अवधिमा संघीय सरकार अन्तर्गतका कार्यालयहरुको बजेट ६ अर्व १६ करोड बजेट विनियोजन भएको थियो जुन छुट्टिएको बजेटमध्ये ५ अर्ब ६६ करोड अर्थात् ९१.८५ प्रतिशत बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालय अर्घाखाँचीका प्रमुख कोष नियन्त्रक छबिन्द्र बेल्बासेले जानकारी दिए ।

यस आर्थिक बर्ष २०८०/०८१ मा चालु खर्चतर्फ कुल बजेटको करिब ९२.६२ प्रतिशत अर्थात् ४ अर्व ७३ करोड रकम खर्च भएको कोष नियन्त्रक राजु पाण्डेले जानकारी दिए ।

आर्थिक वर्षमा सो बजेटको पुँजीगततर्फ कुल बजेटको करिब ८८ प्रतिशत अर्थात् ९३ करोड ४५ लाख रकम खर्च भएको समेत कोष नियन्त्रक पाण्डेले बताए ।

त्यसैगरी अर्घाखाँची जिल्लाभर रहेका लुम्बिनी प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुको गएको आर्थिक वर्षमा कुल बजेट २ अर्व ४ करोड विनियोजन भएकोमा १ अर्ब ६६ करोड अर्थात् ८१.१८ प्रतिशत खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालय अर्घाखाँचीका लेखापाल बालकृष्ण भट्टराईले जानकारी दिए । आर्थिक वर्षको यस अवधिमा चालुतर्फ कुल बजेटको ७९.प्रतिशत अर्थात् ४७ करोड रकम खर्च भएको कोलेनिका अर्घाखाँचीका लेखापाल दुर्गा बहादुर वि.क ले जानकारी दिए ।

वि.क अनुसार यस अवधिमा पुँजीगततर्फ कुल बजेटको करिब ८१.९३ प्रतिशत अर्थात् १ अर्ब १८ करोड रकम खर्च भएको छ । प्रदेश सरकारले लक्ष्य अनुरुप राजस्व कम संकलन र संघबाट समानीकरण अनुदान प्रदेश सरकारलाई समयमै सम्पूर्ण रकम प्राप्त नहुँदा प्रदेश सरकारले आर्थिक वर्ष समाप्त हुनु भन्दा १० दिन अगावै खर्चमा रोक लगाएको कारण प्रदेश कार्यालयहरुको लक्ष्य अनुरुप वित्तीय प्रगति हुन नसकेको र धेरै रकम प्रदेश कार्यालयले तिर्न बाँकी देखिएको कोष नियन्त्रक राजु पाण्डेको भनाइ छ । अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय तहसहित संघीय, प्रदेश सरकारबाट अर्घाखाँची जिल्लामा १० अर्ब बजेट प्राप्त भएकोमा जिल्लाका सरकारी कार्यलयहरुले ७ अर्ब ३२ करोड रुपैयाँ खर्च गरेको कोलेनिकाले जनाएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयनमा अर्घाखाँचीमा रहेका सरकारी कार्यालय पनि पूर्ण रुपमा सफल हुन सकेका छैनन् ।

विकास बजेट खर्च नभएको कारण बजेट कार्यान्वयन गर्न प्रदेशका कार्यालय र संघीय कार्यालय पूर्ण रुपमा सफल हुन नसकेकोले सबै रकम खर्च नभएपछि राजश्व कम उठेको हुन सक्ने आँकलन गरिएको छ । अर्घाखाँचीमा संघतर्फ राजश्व रकम ४६ करोड ९३ लाख र प्रदेश तर्फ ५ करोड ८६ लाख रकम संकलन भएको कोष नियन्त्रण कार्यालयले जनाएको छ ।

सरकारले विभिन्न कारण देखाउँदै बजेट खर्च र राजस्व असुली लक्ष्य अनुसार गर्न नसकेकोमा चालु आर्थिक वर्ष २०८०/०८१ मा पनि सोही परम्परा दोहरिएको छ ।

### प्रधानमन्त्री...

प्रदेश र जिल्ला तहमा देखिएका अन्तरसंघर्ष, मतभेदलाई समाधान गर्नका लागि आवश्यक कार्यक्रम महासचिव पोखरेलले पार्टीको वार्षिका कार्ययोजनको मस्यौदामा समेटेका छन् ।

सरकारमाथि भएको आक्रमणको विषय पार्टीको यी गतिविधिमार्फत समेटेर देशभर चिर्ने र सरकारको कामको प्रचार गर्ने एमालेको आगामी रणनीति छ । पार्टीको आगामी कार्ययोजनाबारे थप छलफल गर्न एमालेले आगामी यही भदौ १८ र १९ गतेका लागि पोलिटब्यूरो बैठक बोलाएको छ ।

प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जारी गरेको विज्ञप्ति निकालेर यस्तो जानकारी दिएका हुन् । गौतमका अनुसार बिहीबार बसेको सचिवालय बैठकले पारित गरेको पार्टीको कार्ययोजनामा सदस्यता नवीकरण र अभिलेखीकरण लगायतका विषय समोश छन् । बाँकी जिल्ला अधिवेशन र पालिका अधिवेशन गर्ने, कार्यकर्तालाई नियमित प्रशिक्षण गर्न सातै प्रदेशमा पार्टी स्कूलका स्थायी संरचना बनाउने पनि उल्लेख छ ।

### प्रहरीसम्मै...

समाजमा विभेदको स्वीकारोक्ति र हदम्यादका कारण पनि घटना प्रहरीसम्म नआएको विचार उनको छ । जातकै आधारमा गरिने विभेद अपराध हो भन्ने बुझाउन सचेतनाको आवश्यकता रहेको प्रवक्ता ओलीको भनाइ छ ।

### सरकार...

उत्पत्ति, जातजाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा निजी तथा सार्वजनिक स्थानमा छुवाछुत गर्न पाइँदैन । जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसुर सजाय ऐन, २०६८ अनुसार जातीय विभेद गरे दण्डित हुनुपर्छ ।

### कतारमा...

श्रीमतीको गरिमा विकास बैंकमा रहेको खातामा जम्मा गरिसकेको बताए ।

म्याग्देलीको निधनले सिंगो मोना कतार परिवार स्तब्ध रहेको बताउँदै अध्यक्ष राजु पौडेलले विकको परिवारसँग समन्वय गरेर आवश्यक थप सहयोग उपलब्ध गराइने बताए । एक छोराका पितासमेत रहेका विकको निधनले परिवारमा पुगेको क्षतिप्रति दुःख व्यक्त गर्दै पौडेलले कतारमा रहेका म्याग्देलीको हरेक दुःख, सुखमा संस्था साथमै रहेको र रहिरहने प्रतिबद्धता व्यक्त गरे । मोना कतारको संरक्षकत्वमा स्थापित मोना कतार बहुउद्देश्यीय अक्षयकोष पनि सहयोगका लागि हात बढाउन तयार रहेको कोषका अध्यक्ष विक्रम कार्कीले बताए ।

### लापरवाहीले...

समितिले चासो देखाएको छ । बिहीबार समितीमा नेपाल वायुसेवा निगमको जहाजमा देखिएको समस्याको विषयमा छलफल बैठक बसेको थियो । समस्याको समाधानको लागि बैठक बसेपनि कुनै निष्कर्ष निस्कन सकेन् ।

बैठकमा समितीमा सदस्यहरुले निगमका जहाज ग्राउण्डेड हुनुमा निगमकै नेतृत्वको लापरवाही भएको बताए । निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारी नेतृत्वमा आएपछि १० अर्ब निगमलाई घाटा गएको भन्दै नैतिकताको आधारमा निगमबाट राजिनामा दिनुपर्ने गरिएको छ । यस्तै भारतमा एयर इण्डिया टाट पल्टिएको र निजीकरण भएपछि नाफामा गएको भन्दै नेपालमा पनि सोही मोडल अपनाउँदा समस्या नहुने सांसदहरुको भनाइ थियो ।

नेपाली कांग्रेसका सांसद उदयशमशेर राणाले ७५ प्रतिशत जहाज ग्राउन्डेडमा निगमको गम्भीर लापरवाही भएको बताए । उनले यसको सम्पूर्ण जिम्मेवारी निगम व्यवस्थापनले लिनुपर्ने भन्दै निगमका अध्यक्ष अधिकारी आएपछि १० अर्ब रुपैयाँ नोक्सान भएको बताए ।

यस्तै नेकपा एमालेका सांसद देवीप्रकाश भट्टचनले मर्मतका लागि इटली लगिएको जहाज २ महिनासम्म नआएको विषयमा प्रश्न गरे । उनले भने 'सरकारले निगम चलाउन नसक्ने भए निजी क्षेत्रलाई दिए हुन्छ । निगमसँग चार वटा विमान छ । हिमालय एयरलायन्ससँग पनि चार वटा विमान छ । हिमालयको जहाज कहिले ग्राउन्डेड भएको समाचार आउँदैन तर, निगमको किन आउँछ ?' उनले भारतमा पनि एयर इण्डियाले चलाउन नसक्दा टाटा एयरलाइन्सले सञ्चालन गरेको उदाहरण रहेको भन्दै त्यही मोडलमा निगमलाई लैजान आवश्यक रहेको बताए ।

माओवादी केन्द्रका सांसद सुदन किराँतीले निगमको नीतिगत र संरचनागत सुधार नगरेसम्म परिणाम नआउने बताए । उनले भने 'हाम्रोमा जहाज मर्मत र खरिद ऐन निकै झन्झट छ, सार्वजनिक ऐन सच्याउनुपर्छ, हाम्रोमा के समस्या छ त्यसको अध्ययन हुन्छ तर, कार्यान्वयन हुँदैन ।' निगमसँग जहाज नभएको कारण पनि समस्या निरन्तर भै रहेको उनले बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद पशुपति शमशेर जबराले समेत नेपाल वायुसेवा निगममा अहिले भएको ऋण र घाटाको अवस्था हेर्दा निजीकरण भए मात्रै समस्या समाधान हुने बताए । उनले राष्ट्रिय ध्वजावाहकलाई निजीकरण गर्नु राम्रो नभएपनि सधैं समस्या र आर्थिक रुपमा कमजोर बनाएर चलाउन नहुने धारणा व्यक्त गरे । धेरै जहाज किन्न सरकारसँग पैसा नभएको भन्दै पुँजीको लागि निजी क्षेत्रलाई सञ्चालन गर्न दिँदा दिन उपयुक्त हुने बताए ।

त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनालले कुन पाटपुर्जा कहिले मर्मत भन्ने पनि निगमलाई थाहा नहुनु निगमका पदाधिकारीको लापरवाही देखिएको बताए । 'निगम लथालिंग बनेको र अर्बौं रुपैयाँ ऋणमा डुबाएकाले तत्कालै राजीनामा दिनुपर्छ,' उनले भने ।

तर, निगमका कार्यकारी अध्यक्ष अधिकारीले सी-चेकको काम नियमित हुँदाहुँदै पनि प्राविधिक कारणले ढिलाइ भएको बताए । उनले सी-चेकका लागि तीन पटक ठेक्का आह्वान गर्नुपरेको, पार्टपुर्जा खोल्दै जाँदा अन्य समस्या पनि देखिँदा जहाज मर्मतसम्भारमा ढिलाइ भएको जवाफ दिए । निगमसँग अन्तर्राष्ट्रिय उडान गर्ने चार वटा जहाज मध्ये तीनवटा जहाज एकैचोटि ग्राउन्डेड छन् । जहाज ग्राउन्डेड हुँदा दिनको करोडौं घाटा लागेको छ भने चाडपर्व समय कमाउने समयमा तीनवटा जहाज ग्राउन्डेडले मिलोमतोको आशंका समेत देखिएको छ । यसैगरी नेपाल वायुसेवा निगमका एकैपटक दुईवटै वाइडबडी जहाज सी-चेकका लागि पठाएपछि नेपाल वायुसेवा निगमका अध्यक्ष अधिकारीलाई सरकारले स्पष्टीकरण सोधेको छ । सरकारको तर्फबाट पर्यटनमन्त्री बद्री पाण्डेले निगमका अध्यक्ष अधिकारीलाई सातदिने अल्टिमेटमसहित स्पष्टीकरण माग गरेका हुन् ।

**कतारमा रोजगार** | कम्पनी : UNLIMITED SERVICES TRADING
शहर: Doha

पूर्व स्वीकृत मितिः २०८१/०५/१३ चलानी नं.: ६०२२४४१८ LT. No.: 309808

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | labour Services | 0 | 2 | | 1000 | ३६,७७० | | | | | | | |
| 3. | Waiter | 0 | 1 | | 1400 | ५१,४७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १६९०/०८०/०८१
Ideal International Recruitment Pvt. Ltd.
Tokha -10, Samakhushi, Kathmandu, Nepal. Tel : 01-5920822, 5920823,
E-mail: mdideal123@gmail.com

**UAE मा रोजगार**

1. NAJMET ALKHEER TECHNICAL SERVICES LLC
पुर्व स्विकृति मिति: 2081/05/13 चलानी नं. 60224356 LT No. 309714

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 5 | 0 | 1200 | 43947 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 5 | 0 | 1200 | 43947 | | | | | | | |
| 3 | Painter | 5 | 0 | 1200 | 43947 | | | | | | | |
| 4 | Steal Fixer | 10 | 0 | 1200 | 43947 | | | | | | | |
| 5 | Gypsum/Ceiling Worker | 5 | 0 | 1200 | 43947 | | | | | | | |
| 6 | Bricklayer | 5 | 0 | 1200 | 43947 | | | | | | | |
| 7 | Welder | 5 | 0 | 1200 | 43947 | | | | | | | |
| 8 | Tile Layer | 5 | 0 | 1200 | 43947 | | | | | | | |
| 9 | Helper | 5 | 0 | 800 | 29298 | | | | | | | |

2. SALIK CONCRETE CARPENTER CONT,
पुर्व स्विकृति मिति: 2081/05/13 चलानी नं. 60224415 LT No. 309715

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 15 | 0 | 1200 | 43947 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steal Fixer | 15 | 0 | 1200 | 43947 | | | | | | | |
| 3 | Mason (Nepal) | 15 | 0 | 1200 | 43947 | | | | | | | |
| 4 | Helper | 15 | 0 | 800 | 29298 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | कामदार आफै | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु. १५०० कामदार आफैले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८१ भाद्र २१ गते (6 September 2024) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

**युएईमा रोजगार** कम्पनी : MAZAYA AL SHARQ TECH. CONT. LLC
शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०८१/०५/१३ चलानी नं.: ६०२२४४१६ LT. No.: 309772

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masion | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steel Fixer(3 Yr Experience) | 10 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |
| 3. | Suttering Carpenter | 10 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. १५८१/०७९/०८०
ROYAL AND PARTNERS Services Pvt. ltd.
Tokha -10, Kathmandu, Nepal | Phone no.: 15914938
Email : info@rpmanpower.com | Web. : www.rpmanpower.com
Mobile: 9823401265 | 9813010593

# सेतीमा खसेका करन गिरीको परिवार बिचल्लीमा

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १३ भदौ



बझाङको छबिसपाथिभेरा गाउँपालिका-१ परिङ्गाल मालुझाडका करन गिरी बुधबार राति १२ बजे सुतेकै अवस्थामा सेती नदीमा खसे । उनलाई सेतीमा पुगेपछि आफू र जस्ताले छाएको घरसँगै खसेको थाहा भयो । झण्डै सेतीको पानीमा डुबेका उनी एक हातले ढुंगामा समाउँदै उत्रिए, त्यसपछि गुहार माग्न थाले ।

ठूलो आवाज आएकोले पारिपट्टी अर्थात् मालुमेलाबासी केहीको मनमा के भयो भनेर चिसो पसेको थियो । करनको गुहार भन्ने शब्दले दिपेन्द्र खड्का, जया गिरी, हरिलाल भट्टराई, अर्जुन गिरी ब्युझिएर बाहिर निस्के । केही करन भएतिर लागे भने केही नजिकै रहेको मालुमेला प्रहरी चौकीतर्फ लागे । होहल्ला भएपछि सेती वारिपारिका बासिन्दा ब्युँझिए । करनको सबै मिलेर सकुशल उद्धार गरेका थिए । ३६ वर्षीय करनको शरीरभरि चोट लागेकाले बोल्न सक्ने अवस्थामा छैनन् । उनलाई उपचारका लागि जिल्ला अस्पताल सिमखेत ल्याइएको उपचारपछि अवस्था सामान्य रहेको भन्दै घर फर्काइएको अस्पताल स्रोतले जनाएको छ ।

संयोगवश करनको श्रीमती धना गिरी र उनका चार छोराछोरी बाहिर थिए । धना महिनावारी भएकाले तीन केटाकेटीसहित आफ्नो गाउँको पुरानो घरमा सुत्न गएका थिए । उनलाई करन सेतीमा खसेपछि गाउँलेले खबर गरेपछि मात्रै घटनास्थल पुगेका थिए । उनले सम्झिँदै आफू महिनावारी नभएको भए सबैको एकै चिहान हुने बताए । भाग्यले आफ्ना श्रीमानलाई बचाएको उनको भनाइ छ ।

टहरासँगै खाद्यान्न, लुगाकपडा, नगद ९ हजार र बालबालिकाका स्कुलका प्रमाणपत्र बगेको पीडित धनाले बताइन् । भूकम्पले चर्काएको भए पनि बलियो चट्टान भन्दै बसिरहेका परिङ्गाल र मालुमेला बासी यो पहिरोपछि भने त्रसित देखिन्छन् । करनका दाइ लक्ष्मीराज गिरीले पहिलाका बाउबाजे यो ठाउँ बलियो भन्दै बसिरहेका तर बुधबार राति एक्कासी बुधबार रातिको यो घटनाले सबैलाई तर्साएको बताए ।

यो ठाउँमा पहिरो जान्छ भन्ने संकेत पहिल्य नै देखाइरहेको थियो । कुन दिन सेतीमा जान्छु भन्दै विकल्प नभएकोले करन त्यही टहरामा बसिरहेका थिए । नभन्दै बुधबार राति पहिरो गयो । पहिरोले टहरा र भुकम्पले घर लगेपछि करनको परिवार बिचल्लीमा परेको छ । गाउँमा एउटा पुरानो घर भएपनि ६ जनाको परिवारलाई बस्न नमिल्ने रहेको पीडित करनकी श्रीमती धना गिरीले बताइन् । यसैबीच तत्कालका लागि छबिसपाथिभेरा गाउँपालिकाले ग्यास चुल्हो, खाद्यान्न, ओड्ने, बिछ्याउने लगायत अतिआवश्यक चीज गिरी परिवारलाई हस्तान्तरण गरेको छ । शनिबारसम्म पालिकाले दुई कोठे जस्ताको टहरा पनि बनाइदिने गाउँपालिका अध्यक्ष बसन्त चलाउनेले बताए ।

# स्टिमेटविपरीत भवन निर्माण : सोलिङ बिनाको जग र बिममा इँट्टा प्रयोग

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १३ भदौ



कपिलवस्तुको यशोधरा गाउँपालिकामा स्मार्ट विद्यालयको भवन निर्माणमा चरम लापरवाही भएको पाइएको छ । गाउँपालिका- ४ को अमलोनहामा अवस्थित जनसेवा आधारभूत विद्यालयमा चरम लापरवाही देखिएको छ ।

गाउँपालिकाले विद्यालयलाई स्मार्ट विद्यालय घोषणा गरी नयाँ भवन निर्माण गर्न आर्थिक वर्ष २०८०/०८१ मा २५ लाख बजेट विनियोजन गरेको थियो । विद्यालय व्यवस्थापन समितिले नै विद्यालयको निर्माण समिति गठन गरि भवन निर्माण शुरु गरेको छ ।

गाउँपालिकाका इन्जिनियर सन्तोष चौधरीले विद्यालय भवन निर्माणको प्राविधिक जिम्मेवारी पाएका थिए । इन्जिनियर चौधरी नै प्रविधिको विरोधमा देखिएपछि भवन निर्माणका लापरवाही भएको स्रोतको दावी छ ।

निर्माण भइरहेको विद्यालय भवनको जगमा स्टिमेट अनुसार ढुंगाको सोलिङ्ग गर्नुपर्ने ठाउँमा ढुंगाको सोलिङ्ग नभएको पाइएको छ । यस्तै भवनको बिमहरुमा इँट्टा प्रयोग गरिएको छ । ढलानसमेत राम्रोसँग नभएको स्थानीय बताउँछन् । त्यस भवनमा प्रयोग भएको सिमेन्ट, बालुवा, गिट्टीको कन्क्रिटको क्युब टेस्ट समेत भएको छैन । भवनको बिम र छतमा कंक्रिट राम्रोसँग सेट नहुँदा अधिकांश छड (फलामको डण्डी) समेत देखिएको छ ।

त्यति मात्र नभएर इन्जिनियरले बनाएको नक्सा विपरीत वाइरिङ्ग इलेक्ट्रिकल प्लानको कामै नगरी छत समेत ढलान गरिएको छ । त्यस भवनको पिलर, बिम र छतको काम सम्पन्न भइ भुक्तानी समेत भएको छ । त्यस भवनमा दर्जनौं प्राविधिक त्रुटी हुँदाहुँदै कामलाई इन्जिनियर सन्तोष चौधरीले प्राविधिक नक्सा र मापदन्डको धज्जी उडाउँदै पास गरेका छन् । इन्जिनयर चौधरीले निर्माणलाई अवैधानिक ढंगले पास गर्दै २३ लाख जति रकम भुक्तानी दिन सिफारिस गरेका छन् । रकम भुक्तानीको सिफारिस पाउन साथ यशोधरा गाउँपालिकाका लेखाले समेत उक्त रकम भुक्त्तानीमा सहयोग गरेका छन् ।

यसरी उक्त भवन निर्माणमा मिलेमतोमा आर्थिक चलखेल भएको आशंका गरिएको छ । भवन प्राविधिक हिसाबले नबनेको हुँदा असुरक्षित हुन सक्ने भन्दै स्थानीय स्तरमा व्यापक चर्चा भएको छ । विरोध र गुनासोबीच यशोधरा गाउँपालिका अध्यक्ष शिवदयाल तिवारी विद्यालय भवनको अनुगमन गरि गल्तीको जानकारी भएपनि इन्जिनियर र निर्माण समितिसँग गल्तीको स्पष्टीकरण लिई कारवाही गर्ने ठाउँमा दोषीको बचाउमा लागेका छन् । गल्ती ढाकछोप गर्न अध्यक्ष तिवारीले समर्थन जनाएको स्थानीयको आरोप छ ।

गाउँपालिका उपाध्यक्ष मञ्जु मौर्यले अनुगमन हचुवाको तालमा अनुगमन गरी स्थानीयको गुनासो छ । उनले मापदण्ड विपरीत अनुगमन बजेट पास गराइएको आरोप छ । उनले गुणस्तरहीन निर्मित भवनको भुक्तानीको लागि प्रतिवेदन समेत पेश गरेको देखिएपछि आलोचना भइरहेको छ ।

# तीन महिना नबित्दै गरुडाका डीएसपी त्वातीको सरुवा



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ भदौ

रौतहटको मध्यभागमा रहेको इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी रामेश्वर त्वातीको कार्यकाल पूरा नहुँदै सरुवा भएको छ । इलाका प्रहरी कार्यालय गरुडाको डीएसपीको रूपमा कार्यभार सम्हालेको तीन महिना समेत नबित्दै त्वातीको इटहरी सरुवा भएको हो ।

गत जेष्ठ मसान्तमा गरुडामा हाजिर भएका डीएसपी त्वातिको एक वर्षको कार्यकाल पूरा नहुँदै सरुवा भएको हो । एक प्रहरी अधिकृले यदि कुनै वादविवादमा नपरेको खण्डमा कुनै ठाउँमा जादा कम्तीमा एक वर्ष बसेर काम गर्नुपर्ने प्रावधान अनुसार डीएसपी त्वातीले आगामी २०८२ साल जेष्ठसम्म गरुडामा बस्नुपर्ने थियो तर उनको कार्यकाल पुरा हुन अझै ९ महिना भन्दा बढी दिन बाँकी छदै उनको सरुवा गरिएको हो ।

गरुडामा अब अर्को नयाँ डीएसपी राजन कार्की आउन लागेका छन् । शनिबार त्वातीको बिदाइ हुँदैछ भने नयाँ डीएसपी कार्कीको सोहीदिन आगमन हुनेछ ।

डीएसपी त्वातीको तीन महिनाको कार्यकालमा गरुडा प्रहरीमा मिलापत्र भन्दा बढी मुद्दा दर्ता भएको छ भने मेलमिलापको माध्यमले निकै कम मुद्दाको किनारा लागेको छ ।

डीएसपी त्वातीले अधिकांश घटनाको दोषीमाथि मुद्दा दर्ता गरी कारबाही गर्न थालेपछि पछिल्लो समय गरुडा आसपासमा अपराधिक क्रियाकलापमा कमि आएको छ ।

त्वातीले कुनै गल्ती नगरेपनि उनलाई कुन कारण वा आधारमा कार्यकाल पूरा नहुँदै सरुवा गरियो भनी आम नागरिकले चासो व्यक्त गर्न थालेका छन् । बिना कुनै कारण र आधारको त्वातीलाई सरुवा गर्ने प्रहरी प्रधान कार्यालय माथि पनि प्रश्न चिन्ह खडा भएको छ ।


## लुम्बिनी साँस्कृतिक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

### पूर्वाधार सेवाको उपयोगमा लाग्ने करको ठेक्का सदर गर्ने सम्बन्धी आशयको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/१४

यस कार्यालयको मिति २०८१/०४/२५ गतेको पूर्वाधार सेवाको उपयोगमा लाग्ने करको ठेक्का सम्बन्धी प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएका दरभाउपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल अनुसारको फर्मको ठेक्का सदर गर्नका लागि ७ दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का विवरण | फर्महरुको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | रोयल लुम्बिनी कन्ट्रक्सन, प्रा. लि., लु.सा.न.पा. १० | १२,४०,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

## Yangwarak Rural Municipality
## Office of the Rural Municipal Executive
Tharpu, Panchthar

### Invitation for Online Bids

First Date of publication: - 2081/05/14 (30th – Aug. 2024)

1. Yangwarak Rural Municipality, Tharpu, Panchthar invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelope procedure.

| S N | Description of Works | Contract Identification No. | Bid Security (NRs) | Bid Document Fee | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of 4WD Hardtop Jeep SUV | YRM/NCB/GOODS/No-01-2081/082 | 2,50,000.00 | 3,000.00 | On or before 12:00 Noon, 2081/06/13 (29th Sep. 2024) | 1 P.M. on 2081/06/13 (29th Sep. 2024) | 120 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Yangwarak Rural Municipality, Tharpu, Panchthar, Facsimile no: 9849717613 or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Sotang Rural Municipality
## Office of Rural Municipal Executive
Sotang, Solukhumbu, Koshi province, Nepal

### Invitation for Online Bids

Date of Publication: 2081/05/14 (30/08/2024)

1. Sotang Rural Municipality invites bids for following works as given in table below under national competitive bidding.

| S. N. | Contract No | Description of Work | Bid Security Amount (NPR) | Bid Validity Period | Cost of Bid Document (NPR) | Estimated Amount with VAT and PS | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 01/SRM /NCB/ 2081/82 | Construction of Shree Birendra Jyoti Sec. School, Administration Building. | 3,15,000.00/- | 90 days | 3,000.00/- | 1,22,98,362.90/- | 2081/06/13 (29-09-2024) 01:00 PM | 2081/06/13 (29-09-2024) 2:00 PM | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np, Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No. 5, Phone 9862809894 and Website: www.sotangmun.gov.np/ Email: ito.sotangrmun@gmail.com
3. Bidders Information to Deposit the cost of bids Document in bank:
Name of the Bank: Agriculture Development Bank, Solukhumbu
Name of the Office: Sotang Rural Municipality Office, Solukhumbu
Office Code No. 801010908
Office Account No. 1125501429939116 (For Bid Document)
Office Account No. 1125501429939035 (For Bid Security)
4. If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Acting Chief Administrative Officer**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०५/१४**

प्राईम मल्टिपल एजुकेशनल फाउण्डेशन प्रा.लि.को २०८१/०३/३१ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्राईम मल्टिपल विजनेश फाउण्डेशन प्रा.लि. (प्रा.लि. नं.: ९१५०७)** कायम गर्ने गरी मिति २०८१/०४/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Vacancy Announcement

**A leading foreign recruitment agency is seeking the following position urgently.**

SALARY - NEGOTIABLE

**PRO - 2 (Male/Female)**
**RECEPTIONIST - 2 (Female)**

Preferable with job experience in related field of manpower.

**Middle East Manpower Pvt.Ltd**
कुपण्डोल, ललितपुर, फोन नं. ०१-५४२९९६०, ०१-५४३१२२०
मोबाइल : ९८१८६०७३२५
Email: cvs.middleast@gmail.com
श्रम ई. पत्र नं. ६१/०५१/०५२

## साउदी र UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: **SAUDI MANPOWER SOLUTION COMPANY** शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८०/११/१८ चलानी नं.: ६०२१५८१८ L.T. No.: 300973 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 18 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **SAUDI MANPOWER SOLUTIONS CO** शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८०/०५/२५ चलानी नं.: ६०२०७६०४ L.T. No.:292391 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 16 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **BUILDING MAINTENANCE & OPERATION CO. LTD.** शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२५२६ L.T. No.: 307765 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१ कम्पनी: **M.S. AL-SUWAIDI INDUSTRIAL SERVICE CO. LTD.** शहर: Saudi Arabia,riyadh
पूर्व स्वीकृत मितिः २०८१/०२/२९ चलानी नं.: ६०२२१००५ L.T. No.: 306296 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 28 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bus Driver | 3 | 0 | | 1500 | ५३३५५ | | | | | | | |
| 3. | Trailer Truck Driver | 2 | 0 | | 1800 | ६४०२६ | | | | | | | |
| 4. | Welder | 3 | 0 | | 1500 | ५३३५५ | | | | | | | |
| 5. | Pipe Compounder | 3 | 0 | | 1400 | ४९७९८ | | | | | | | |
| 6. | Spray Printer | 2 | 0 | | 1400 | ४९७९८ | | | | | | | |

कम्पनी: **REMONDIS HEILIGERBERG MED WASTE MANAGEMENT LLC OPC** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/०२ चलानी नं.: ६०२१८९३९ L.T. No.: 304111 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner | 20 | 0 | स. काममा दक्ष | 900 | ३२,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **FIRST CHOICE SECURITY SERVICE LLC** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०२/०४ चलानी नं.: ६०२१९७३० L.T. No.: 304943 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 10 | स. काममा दक्ष | 1200 | ४३,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **THREE 65 SECURITY AND CLEANING SERVICES LLC** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/०१ चलानी नं.: ६०२१६५९५ L.T. No.: 301708 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 40 | 35 | सम्बन्धित काममा दक्ष | 800 | २९०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 0 | 2 | | 1200 | ४३५८४ | | | | | | | |
| 3. | Lifeguard | 55 | 0 | | 1200 | ४३५८४ | | | | | | | |
| 4. | Security Guard | 46 | 0 | | 1200 | ४३५८४ | | | | | | | |

कम्पनी: **CLAIRVOYANT TECHNICAL SERVICES LLC** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०९/११ चलानी नं.: ६०२१२१२३ L.T. No.:297150 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Exterior Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/public Bildings | 22 | 0 | | 900 | ३२,५५३ | | | | | | | |
| 3. | Cleaning Worker | 12 | 0 | | 900 | ३२,५५३ | | | | | | | |
| 4. | Office Cleaner | 3 | 0 | | 900 | ३२,५५३ | | | | | | | |
| 5. | Ordinary Labourer | 18 | 0 | | 900 | ३२,५५३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

मध्यान्ह
www.madhyanhadaily.com
१४ भदौ २०८१, शुक्रबार
30 August 2024, Friday

## सम्पादकीय

# लोकरिझाइको भय

प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सञ्जालमा लेखेको एक स्टाटसकै कारण केही दिनदेखि राष्ट्रिय राजनीति तिक्ततापूर्ण बनिरहेको छ। प्रधानमन्त्री ओलीले प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डमाथि गम्भीर आरोप लगाउनेगरी स्टाटस लेखेका थिए। डेडिकेटेड र ट्रंक लाइनको विद्युत महसुलबारे भइरहेको छलफलका क्रममा प्रधानमन्त्री ओलीले आफूभन्दा अघि सरकार प्रमुख रहेका प्रचण्डप्रति लक्षित गर्दै ६ अर्ब नभएर २२ अर्ब महसुल उठाउने स्टाटस लेखेका थिए। त्यसको जवाफमा प्रचण्डले १० भदौमा प्रतिनिधि सभा बैठकलाई सम्बोधन गर्दै वर्तमान सरकारलाई विचौलियाबाट बनेको गम्भीर प्रतिउत्तर दिए। यसको खण्डनमा एमाले नेता र सांसदहरू उभिएका छन् भने एमालेविरूद्ध माओवादी खनिएका छन्।


विद्युत महसुल हुँदै माओवादीले लडेको दश वर्षे जनयुद्ध शब्दप्रति विवाद भइरहेको छ। यी दुई विवादले राष्ट्रिय राजनीतिको प्रमुख कार्यभार नै ओझेलमा परेको छ। यो समस्याको जननी भने सामाजिक सञ्जाल र लोकरिझाईं हो। सस्तो लोकप्रियता कमाउन सामाजिक सञ्जालमा चर्को शब्द प्रयोग गर्ने केही वर्ष यता चल्दै आएको छ। गत आमचुनावमा सस्तो लोकप्रियताका निम्ति चर्को कुरा गर्नेहरूले अप्रत्यासित नतिजा पाए। टेलिभिजन प्रस्तोताको जागिर छोडेर पार्टी खोलेका रवि लामिछानेले २१ सिट सहित चौथो ठूलो दल बनाउन सके। काठमाडौ महानगर, धरान उपमहानगर, धनगढी उपमहानगर लगायत स्थानीय तहमा गैरदलीय उम्मेद्वारले चुनाव जिते। पूर्व पञ्चहरूको पार्टी राप्रपाको आकार बढ्नुमा पनि सामाजिक सञ्जालमा बढिरहेको आमनागरिकको पहुँज नै थियो। संस्थापनविरूद्ध चर्को आवाज उठाएकै कारण राप्रपाले अप्रत्यासित मत पाएको थियो।

अर्थात् नयाँ राजनीतिक शक्तिहरूको उदय नै सामाजिक सञ्जालमा चर्को कुरा गरेर भयो। अहिले त्यही लोभमा प्रमुख दलका नेताहरू समेत देखिन्छन्। विशेषगरी प्रधानमन्त्री ओलीमा युवा पुस्ताबीच लोकप्रिय हुन सामाजिक सञ्जालमा सक्रिय हुनुपर्छ भन्ने सन्देश देखिन्छ। एलओडी जाने निर्णय युवा मन जित्नकै निम्ति थियो। युवा मतदाता तान्न अरू नेताहरू पनि लागिपरेका छन्। विशेषगरी सामाजिक सञ्जालको सक्रियता राजनीतिक प्रवृत्ति परिवर्तनकै उद्देश्यले भएको बुझ्न सकिन्छ। त्यही प्रवृत्तिका क्रममा प्रधानमन्त्री ओली सामाजिक सञ्जालमा गम्भीर आरोप लगाउनेतिर उत्रिएको देखिन्छ। तर जिम्मेवार पदमा रहेकाले सस्तो प्रचारमा नभएर निर्णयमा विश्वास गर्नुपर्छ। लोकरिझाईंमा त लाग्नै हुँदैन। तर अहिले नेताहरूको चाहना त्यसैतर्फ देखिदा मुलुकको संकट लम्बिदो छ।

# परनिर्भरता घटाउन व्यवहारिक शिक्षा

*वर्तमान समयमा पनि यहाँ विद्यमान शिक्षा प्रणालीले सैद्धान्तिक ज्ञान मात्र प्रदान गरेकोले व्यवहारिक बन्न सकेको छैन र शिक्षित बेरोजगारहरूको संख्या दिन प्रतिदिन बढिरहेको छ। तसर्थ, शिक्षामा गरिएको लगानी बालुवामा पानी हाले सरह भएको छ।*

अग्रलेख



● के.बी. बस्नेत

कुनै पनि व्यक्तिको जीवनमा आइपर्ने आधारभूत कार्यहरू गर्न सक्षम बनाउनु शिक्षाको मूलभूत उद्देश्य हो। यस्तो शिक्षा जीवन उपयोगी हुन्छ। नेपालमा हालसम्म पनि शास्त्रीय शैलीको शिक्षा प्रदान गरिन्छ। यस्तो शिक्षाले अरूको बारेमा ज्ञान तथा सूचना त प्रदान गर्छ नै, तर शिक्षित व्यक्तिहरूलाई व्यवहारिक तथा सिर्जनशील बनाउन सक्दैन। वास्तवमा यहाँका विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका पढाइमा कुनै व्यवसाय रोज्न, खोज्न र टिकाउन सक्ने ज्ञान तथा सीपको कमी छ।

कुनै पनि व्यक्तिले पढेका र सिकेका कुरालाई व्यवहारमा उतार्न सक्नु व्यवहारिक शिक्षाको विशेषता हो। यस्तो शिक्षाले कुनै पनि व्यक्तिलाई घर, खेतबारी, वनजङ्गल, जल, स्थल आदि क्षेत्रहरूमा व्यावसायिक रूपमा काम गर्न सिकाउँछ। हालसम्म पनि यहाँका विद्यालयदेखि विश्वविद्यालयसम्म सैद्धान्तिक ज्ञान प्रदान गरिन्छ। त्यसैले, विभिन्न घरायसी कामका लागि हामीले अरूको भर पर्नुपर्ने बाध्यता छ। नेपालमा पेसागत सीपमा आधारित ज्ञान तथा व्यावसायिक सीपमा आधारित शिक्षा प्रदान गरिएको भए यहाँ व्यावसायिक कामहरू गर्न सक्षम जनशक्ति उत्पादन गर्न सकिन्थ्यो। यसबाहेक परम्परागत पेसालाई आवश्यकताअनुरूप आधुनिकीकरण गर्दै व्यवहारिक बनाउन सकेको भए यहाँको हिमाल, पहाड र तराईमा विभिन्न किसिमका उत्पादनका सम्भावनाका आधारमा आयआर्जनका स्रोतहरूको खोजी गर्न सकिन्थ्यो। परन्तु, नेपालमा व्यवहारिक शिक्षाको कमीले गर्दा यहाँका शिक्षित युवाहरूले स्वरोजगारका क्षेत्रहरू पहिचान गर्न सकेका छैनन्। तसर्थ, रोजगारीका लागि उनीहरू बिदेसिन रुचाउँछन्।

नेपालका पहाडी विद्यालयहरूमा व्यवहारिक ज्ञान प्रदान गर्न सकेको भए, त्यहाँ पढेका विद्यार्थीहरूले एकातिर उन्नत जातका गाई, भैंसी, बाख्रा, बङ्गुर, कुखुरा र माछा पालन गर्न सक्षम हुने थिए भने अर्कोतिर फलफूल तथा पुष्प खेती गर्न सक्षम भई आय-आर्जन गर्न

सक्थे। यसैगरी, उनीहरूले तराई क्षेत्रमा खाद्यान्न, तेलहन, फलफूल र अन्य कृषिजन्य वस्तुहरूको अधिकतम उत्पादनका लागि आधुनिक फार्महरू सञ्चालन गरी स्वदेशमै रोजगारी पाउने थिए। तर, यहाँ व्यवहारिक शिक्षाको कमीले यस्तो हुन सकेको छैन।

आज केही देशहरू विकासको उत्कर्षमा पुगेर चन्द्रमामा मानव पठाउन र मङ्गल ग्रहलगायत अन्य आकासिए जीवको सम्भावनाबारे गहन अनुसन्धानमा संलग्न छन्। यति मात्र होइन, अमेरिकास्थित नासाको




अभियानले अन्तर्राष्ट्रिय जगतमा नै विशेष ध्यान आकृष्ट गरेको छ। तर, नेपालमा भने यी कुराहरू एकादेशको कथा झैं भएको छ। नेपाल एक कृषि प्रधान देश भए पनि खाद्यान्नका लागि विदेशमा भर पर्नुपरेको छ। योबाहेक सागसब्जी, फलफूल र अन्य दैनिक सामग्रीहरूका लागि पनि विदेशमा भर पर्नुपरेको छ।

कुनै पनि कृषिप्रधान देशमा पशुपालनले महत्त्वपूर्ण भूमिका खेल्छ किनभने यसबाट एकातिर स्वास्थ्यवर्द्धक दूध, दही, मोही र घ्यू प्राप्त हुन्छ भने अर्कोतिर खेतीका लागि मलमूत्र पनि प्राप्त हुन्छ। परन्तु, यी चीजहरूका लागि विशेषतः भारत र अन्य देशहरूमा निर्भर हुनुपरेको छ। यहाँका शिक्षित व्यक्तिहरूमा व्यवहारिक ज्ञान नहुनाले यस्तो भएको हो। आज विश्वमा सञ्चार क्षेत्रमा निकै प्रगति भएकोले कम्प्युटर, ल्यापटप र मोबाइलको प्रयोग धेरै बढेको छ। नेपालमा पनि यिनीहरूको प्रयोग दिनदिनै बढिरहेको छ। तर, यिनीहरूको उत्पादन यहाँ नहुनाले विदेशमा भर पर्नुपरेको छ। व्यवहारिक शिक्षा नहुनाले यस्तो भएको हो।

यहाँ बारम्बार रेल ल्याउने कुरा चर्चामा आउँछ। तर, यहाँ बनाएको रेल होइन, भारत वा अन्य देशले बनाइदिएको रेल। यहाँ त केवल रेलको बाहिर नेपालको झण्डा र नक्सा बनाइन्छ। यसमा हामी गौरव ठान्छौं। वास्तवमा रेलमार्ग सर्वेक्षण गर्ने विदेशी इन्जिनियर, निर्माण कार्य ठेक्का लिने विदेशी कम्पनी, रेल चल्ने इन्धन विदेशको र रेलबाट भित्रिने सामानहरू पनि विदेशी हुन्। तर, पनि हामीलाई यस सम्बन्धमा कुनै सङ्कोच छैन।

केही वर्षयता यहाँ पानीजहाजको कुरा पनि चर्चामा आएको छ जुन विदेशमा बन्छ। यहाँ त केवल पानी जहाजमा नेपालको झण्डा राखिन्छ। यसैमा हामी गौरव गर्छौं। वस्तुतः राष्ट्रियता भौगोलिक विषय मात्र नभई आत्मनिर्भरताको विषय पनि हो। तर, दुःखलाग्दो कुरा त के छ भने यहाँको सबैजसो विकास कार्यहरूमा विदेशी सामानहरू जोडजाड गर्ने काम मात्र हुन्छ।

यहाँका अस्पतालमा प्रयोग गरिने भेन्टिलेटर, स्वाव कलेक्सन बक्स, पिपिई आदि विदेशबाट ल्याइन्छ भने जटिल खालका स्वास्थ्य परीक्षण विदेशमा गरिन्छ। यति मात्र होइन, यहाँ पठनपाठन गरिने पुस्तकहरूका लागि पनि विदेशमै भर पर्नुपरेको छ। यथार्थतः यहाँ परनिर्भरताले हद नाघेको छ। यसका मूल कारण यहाँ विद्यमान अव्यवहारिक शिक्षा नै हो। यहाँको शिक्षा प्रणाली पुराना भएकोले अनुसन्धानको संस्कार बस्न सकेको छैन। वर्तमान समयमा पनि यहाँ विद्यमान शिक्षा प्रणालीले सैद्धान्तिक ज्ञान मात्र प्रदान गरेकोले व्यवहारिक बन्न सकेको छैन र शिक्षित बेरोजगारहरूको संख्या दिन प्रतिदिन बढिरहेको छ। तसर्थ, शिक्षामा गरिएको लगानी बालुवामा पानी हाले सरह भएको छ। यदि भविष्यमा यहाँको परनिर्भरता घटाउने हो भने शिक्षा व्यवहारिक हुनुपर्छ जसको लागि आमूल परिवर्तन गर्नुपर्छ। जसका लागि सम्बन्धित पक्षको ध्यान यथाशीघ्र आकृष्ट हुनुपरेको छ। यदि समयमै त्यसतर्फ हामी अगाडि बढ्न सकेनौ भने विकासको गतिमा पनि हामी धेरै पछि हुनेछौं।

## सामाजिक सञ्जाल



**- हरि रोका**

सत्तारूढ कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले सारमा राज्यको भूमिका खुम्च्याउनु पर्ने बताएका छन्। के यो गठबन्धनको साझा अवधारणा हो? ओली नेतृत्वको गठबन्धन सरकार अर्थतन्त्रमा राज्यले खेल्नुपर्ने भूमिकाबाट बाहिरिन चाहन्छ? संविधान संशोधन सहमति यसैमा हो? के समाजवाद उन्मुखता उल्टाउने हो? प्रस्ट्याऊ!



**- डम्मर खतिवडा**

ओली सरकारले शासकहरू विरुद्ध नारा लगाएको अभियोगमा केही युवालाई हिरासतमा लिएको सुनियो। भ्रष्ट शासकको विरोध लोकतन्त्रमा नागरिकको अधिकार हो। ओलीले पञ्चायत काल, ज्ञानेन्द्र शाहको तानाशाही, यहाँसम्म कि दासढुंगा आन्दोलनका बेला गिरिजाविरुद्ध एमाले नारा सम्झिउन र खुरुक्क रिहा गरून्।



**- केपी अर्याल**

अरुण तेस्रोमा लगानी नगर भनेर पत्र बम पड्काउनेहरूले पनि 'म्याउवादी'ले बिजुलीको टावर र पावर स्टेसनमा बम पड्काएर लोडसेडिङ्ग भयो भनेर भनेछन्। वास्तवमा भन्ने हो भने त्यो डल्ला बमभन्दा पत्र बम बढी शक्तिशाली हुन्छ भन्ने कुरा यिनले अझै थाहा नपाएकै हुन् र?



**- मनोज बयलकोटी**

कुनै पनि विद्रोह सुरुवात हुनलाई राज्यको गोलीले सडकमा जनता ढल्नु पर्छ भन्ने हुँदैन। स्वतन्त्रता माथिको दमन पनि शासकको गोलीभन्दा कयौं गुणा खतरायुक्त हुन्छ। टुँडिखेलमा नाराबाजीमा उत्रिएका युवाहरू उपर धरपकड, सरकारको तानाशाही प्रवृत्ति हो। यस्तै प्रवृत्तिले नवीन विद्रोहलाई जन्म दिन्छ।

# जनतामा जागेको आशा

*६ नेपाली कांग्रेस र नेकपा (एमाले)का बीच सत्ता सहकार्य शुरू भएको करिब डेढ महिना भएको छ। सत्ता सहकार्यको यो अवधि कुनै विशेष परिणाम प्राप्तिको मूल्यांकन गरिहाल्ने उपयुक्त समय त होइन। तर यसबिचमा भए गरेका केही कार्यले सुखद भविष्यप्रति आशा भने जगाएका छन्।*

विचार



● सिद्धराज राई

जब देशमा सरकार र राजनीतिक दलप्रति जनस्तरबाट तीव्र आलोचना हुन थाल्छ, तब देशमा ठुला राजनीतिक दलहरूको एकता बलियो बन्दै गएको नेपालको इतिहास साक्षी छ। यस्तो एकताले देशलाई सधैं सही दिशामा डोऱ्याएको छ। जनतामा आशा र भरोसा जागृत हुने गरेको छ। वि.सं. २००७ सालको राणा शासन विरोधी सशस्त्र आन्दोलन, २०४६ सालको पञ्चायतविरुद्धको जनआन्दोलन र २०६२/६३ को दोस्रो जनआन्दोलन ठुला राजनीतिक दलहरूको संयुक्त सहभागितामा सम्पन्न भएको र सफलता प्राप्त भएको कुरा छर्लङ्ग छ। त्यस्तै, नेपालको संविधान २०७२ जारी गर्ने कार्य पनि ठुला राजनीतिक दलहरूको सहकार्यकै आधारमा सम्भव भएको कुरा हामीले बिर्सन मिल्दैन।

विसं २०७९ मा सम्पन्न संसदीय निर्वाचनमा कुनै पनि दलले एकल बहुमत प्राप्त गर्न नसकेको पृष्ठभूमिमा त्यसपछिका सरकारहरू गठबन्धनका आधारमा सञ्चालित छन्। यसै श्रृंखलास्वरूप गत असार १७ गते नेपालको सत्ता राजनीतिमा पुनः नयाँ गठबन्धनको निर्माण हुने अवस्था बन्यो। नेपालका दुई ठुला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा(एमाले)बीच सत्ता सहकार्यको सहमति भयो। त्यही सहमतिअनुसार नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेका हुन्। आवश्यकताका आधारमा संविधान संशोधन र अन्य विविध विषयमा सहकार्य गर्ने सहमतिसहित सत्ता सहकार्य सुरु भएको करिब डेढ महिना भएको छ। सत्ता सहकार्यको यो अवधि कुनै विशेष परिणाम प्राप्तिको मूल्याङ्कन गरिहाल्ने उपयुक्त समय त होइन। तर, यस बिचमा भए गरेका केही कार्यले सुखद भविष्यप्रति आशा भने जगाएका छन्। निराशामा पुगिरहेका नागरिकहरूका लागि यो कार्य महत्वपूर्ण छ। सरकार बनेपछि केही सकारात्मक कार्य भएका अनुभूति भने गर्न सकिन्छ।

वर्तमान सरकारले गरेको एउटा महत्वपूर्ण कामको रूपमा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक संघीय संसद्बाट पारित हुनुलाई मान्न सकिन्छ। धेरै वर्षदेखि छलफलमा रहेको तर, नटुङ्गिएको यस विषयमा प्रमुख राजनीतिक दलबिच सहमति जुटाउन सक्नु सरकारको गतिलो उपलब्धि हो। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्बाट पारित भएपछि निकै लामो समयदेखि थाँतीमा रहेको शान्ति प्रक्रिया एउटा तार्किक निष्कर्षमा पुग्ने विश्वास गर्न सकिन्छ। शान्ति स्थापनाको यो प्रक्रिया 'नेपाली मोडेल'का रूपमा विश्वभरि नै प्रशंसित भएको छ। यो विधेयक पारित भएसँगै विगतमा आफूहरू अन्यायमा परेको अनुभव गरेकालाई न्यायको आशा पलाउने निश्चित छ। शान्ति सम्झौता भएको झन्डै दुई दशकसम्म पनि उक्त ऐनको अभावमा सङ्क्रमणकालीन न्यायले पूर्णता नपाउँदा नेपालप्रति अन्तर्राष्ट्रिय चासो बढेको थियो। आन्तरिकरूपमा पनि तत्कालीन नेकपा (माओवादी) र सरकारी पक्षबाट भएका जघन्य अपराधका पीडितले न्याय पाउन सकेका छैनन्। यो विधेयक पारित भएपछि पीडित परिवार र व्यक्तिले न्याय पाउँछन् भन्ने विश्वास गर्न सकिन्छ। राष्ट्रियसभा र प्रतिनिधिसभाबाट पारित भएको यो विधेयक अब प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत हुनेछ। राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि ऐनका रूपमा कार्यान्वयनमा जानेछ। वर्तमान सरकारले सशस्त्र द्वन्द्वमा पीडित परिवार र व्यक्तिलाई थोरै भए पनि आत्मसम्मान दिने कार्य गरेको छ। राजनीतिक सहमति जुट्न नसक्दा अलमलिएको यो विधेयक पारित गर्न सत्ता साझेदार दल र प्रमुख प्रतिपक्षी दलसँगै संसद्मा रहेका सबै दललाई सहमति गराउन सक्नु सरकारको उपलब्धिका रूपमा लिन सकिन्छ।

त्यस्तै, विगत तीन वर्षदेखि ओरालो लागेको शेयर बजार उकालो लागेको छ। अर्थात् शेयर बजारमा कारोबार उच्च बन्दै गएको छ। हरेक दिन शेयर बजारले नयाँ कीर्तिमान कायम गर्दै आएको छ। दुई हजारभन्दा तल रहेको शेयर बजार तीन हजारको बिन्दुसम्म पुग्यो। यो शेयर बजार घटेर निराश भएका लाखौं लगानीकर्ताका लागि खुसीको कुरा हो।

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको भनाइमा गत आर्थिक वर्षको साउन महिनामा संकलन भएको राजस्वको तुलनामा चालु आर्थिक वर्षको साउन महिनाको राजस्व २० प्रतिशतले बढेको छ। पुँजीगत खर्च गत वर्षको तुलनामा नौ गुणाले बढेको छ। पुँजीगत खर्च बढ्नु भनेको कर्मचारी प्रशासनको मनोबल उच्च हुनु हो।

यस्तै, घरजग्गा कारोबारको क्षेत्रमा पनि उल्लेख्य सुधारका सङ्केतहरू देखिएका छन्। भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार राजस्व ३१.७७ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको साउनमा घरजग्गा कारोबारबाट दुई अर्ब ९१ करोड रूपैयाँ राजस्व उठेको थियो। यस वर्षको साउनमा मात्रै तीन अर्ब ८३ करोड रूपैयाँ राजस्व उठेको विभागले जनाएको छ। आन्तरिक राजस्व बढ्नलाई अर्थतन्त्र चलायमान हुन थालेको संकेतका रूपमा लिन सकिन्छ। निश्चय पनि यो सफलता सरकारप्रतिको विश्वास र भरोसाको सूचक हो।

नेपालको प्रशासनिक इतिहासमा लिलादेवी गडतौला पहिलो महिला मुख्यसचिव हुन्। वर्तमान सरकारको कायममुकायम मुख्यसचिव रहेकी गड्तौलालाई साउन १० गतेको मन्त्रिपरिषद् बैठकबाट मुख्यसचिव नियुक्त गर्ने निर्णय गरेको थियो। यो निर्णय लैङ्गिक समानताको हिसाबले र समग्र नेपाली महिलाप्रतिको सम्मान हो। निजामती प्रशासनमा यो निर्णयले युगान्तकारी अर्थ राख्नेछ युवादेखि ज्येष्ठ नागरिकसम्मको रोजाइमा रहेको 'टिकटक'मा विगतको सरकारले प्रतिबन्ध लगाएको थियो। सामाजिक मर्यादामा खलल पुगेको भन्दै विगतमा सरकारले नियमनका नाममा सामाजिक सञ्जालमाथि नियन्त्रणको अभ्यास गरेको स्पष्ट छ। यस्तोमा आम जनताको आवाजलाई सम्बोधन गर्दै सरकारले यही भदौ ५ गतेको मन्त्रिपरिषद्को निर्णयबाट टिकटक सञ्चालन फुकुवा गरेको थियो। आम जनताको अर्थोपार्जनको अवसरसँग समेत जोडिएको यो निर्णयले लाखौं युवाको अनुहारमा उज्यालो छाएको सहजै बोध गर्न सकिन्छ।

यी त भए धेरै ठुलो समुदायलाई प्रभाव पार्ने निर्णयहरू। यी निर्णयले नागरिकमा के प्रभाव पार्छ भनेर परिणाम हेर्न बाँकी नै छ। यसका साथै, ठुला दलहरूको सत्ता सहकार्यले अन्तर्राष्ट्रिय सम्बन्धमा समेत सुधारको अपेक्षा गरिएको छ। वर्तमान सरकार सबै छिमेकी देशसँग सुमधुर सम्बन्धको पक्षमा रहेको देखिन्छ। सरकार बनेपछि प्रधानमन्त्री र अन्य मन्त्रीहरूको सन्तुलित विचारले छिमेकी देशसँगको सम्बन्ध सुधारको प्रयासमा रहेको बुझ्न सकिन्छ।

*(राई, राससका महाप्रबन्धक हुन्।)*

## तपाईंको राशिफल

- मेष : नयाँ सम्बन्धमा वृद्धि हुनेछ। अरूबाट सहयोग राम्रो पाइनेछ।
- वृष : आय राम्रो हुनेछ। अनावश्यक कार्य गर्नु हुँदैन।
- मिथुन : वाहन चलाउँदा सावधानी राख्नुपर्छ। नयाँ सम्पर्क बढ्नेछ।
- कर्कट : अनावश्यक डरले सताउनेछ। जग्गासम्बन्धी कार्य सफल हुनेछ।
- सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ। सन्तान सुख प्राप्त हुनेछ।
- कन्या : पद र प्रतिष्ठामा वृद्धि हुनेछ। कृषिजन्य कार्यमा लाभ मिल्नेछ।
- तुला : दाम्पत्य जीवनमा समझदारी र सुझबुझपूर्ण ढङ्गबाट अगाडि बढ्नेछ।
- वृश्चिक : राजनीतिक कार्य सफल हुनेछ। नयाँ काम बन्नेछ।
- धनु : सम्पर्कमा वृद्धि हुनेछ। शिक्षामा लाभ मिल्ने योग छ।
- मकर : राजनैतिक कार्यमा रोकावटको योग छ। पारिवारिक कार्य सफल हुनेछ।
- कुम्भ : वाणी संयम राख्नुहोला। जोखिम लिनु हुँदैन।
- मीन : साहसिक कार्य सफल हुनेछ। पारिवारिक कार्य सफल हुनेछ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# संगठनको प्रतिष्ठा बढाउने गरी कार्यसम्पादन गर्न महानिरीक्षक कुँवरको निर्देशन

सरु भुसाल/मध्यान्ह
सन्धिखर्क, १३ भदौ

प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले संगठनको प्रतिष्ठा र बर्दीको इज्जत बढाउने गरी कार्यसम्पादन गर्न जिल्ला प्रहरी कार्यालय अर्घाखाँची र मातहतका कर्मचारीहरूलाई निर्देशन दिएका छन्।

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै महानिरीक्षक कुँवरले नेपाल प्रहरीबाट प्रवाह हुँदै आएको सेवाप्रति जनताको गुनासो बढिरहेको उल्लेख गर्दै जनताका सेवामा समर्पित भएर तहगत जिम्मेवारीमा इमान्दारिपूर्वक खटिनुपर्नेमा जोड दिए।

गृह जिल्ला अर्घाखाँचीको भ्रमणमा आएका कुँवरले अर्घाखाँचीको धार्मिक ऐतिहासिक सुपा देउराली, अर्घा भगवती मन्दिरको दर्शन गरेपछि जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा आयोजित विशेष स्वागत समारोहलाई सम्बोधन गरेका हुन्। सो क्रममा महानिरीक्षक कुँवरले भने, 'प्रहरीको बर्दीको इज्जत बढाउनेतर्फ हरदम केन्द्रित हुनुहोस्, जनताको सेवा गर्न प्रहरी हो भन्ने विश्वास दिलाएर काम गर्न तपाईंहरु लाग्नुहोस्, यो नै हामी सबैको हितमा हुन्छ।'



उनले परम्परागत शैली त्यागेर आ-आफ्नो स्थानबाट व्यावसायिक इमानदार, निष्ठावान् र कर्तव्यनिष्ठ प्रहरीको छवि बनाउने गरी दृढतापूर्वक काम गर्न पनि आग्रह गरे। महानिरीक्षक कुँवरले प्रहरीको काम, कर्तव्य, अधिकार, प्रहरी कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, मानव अधिकारको संरक्षण, जिल्लामा शान्ति सुव्यवस्था, अपराध रोकथाम र नियन्त्रणमा परिस्थितिवश समाजमा देखापर्ने नवीनतम् सुरक्षा चुनौती र त्यसले समग्र समाजको शान्ति सुरक्षामा पार्ने असरका साथै विपद्का घटनाहरुबाट उत्पन्न हुन सक्ने प्रतिकूल परिस्थिति, समुदाय-साझेदारी कार्यक्रमअन्तर्गत स्थानीय नागरिकहरूसँगको सहकार्यमा जनअपेक्षाअनुरुपको प्रहरी सेवा प्रदान गर्न प्रहरी कर्मचारीलाई निर्देशन दिए।

सो अवसरमा प्रहरी महानिरीक्षक कुँवर, रामग्राम नगरपालिकाका प्रमुख धनपत यादव, लुम्बिनी प्रदेश प्रहरी प्रमुख कुबेरसिंह कडायत, लुम्बिनी प्रदेश ट्राफिक प्रहरी प्रमुख श्याम बहादुर खत्री र नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष लक्ष्मी कुँवरलाई सन्धिखर्क नगरपालिकामा एक समारोहबीच स्वागत गरिएको थियो।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख जिवनारायण कोइराला, सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्ण प्रसाद श्रेष्ठ, उप-प्रमुख मिश्रा आचार्य, प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसाल, जिल्ला प्रहरी कार्यालय, अर्घाखाँचीका प्रहरी नायब उपरीक्षक प्रतिक सिंह राठौरलगायत नगरपालिकाका कर्मचारीहरुले उनीहरुलाई स्वागत गरेका हुन्।

## साउदीमा तिज विशेष कार्यक्रम आयोजना हुँदै




**साउदी अरेबिया/मस-** गैरआवासीय नेपाली संघ राष्ट्रीय समन्वय परिषद् साउदी अरबले नेपाली महिलाहरुको महान पर्व तिजको अवसरमा साउदी अरेबियामा 'तिज फेस्टिभल २०२४' आयोजना गर्ने भएको छ।

आगामी सेप्टेम्बर ६ तारिकमा साउदीको पूर्वी क्षेत्रको दम्माम जुवेल हाइवेस्थित सादी रेस्टुरेन्टमा तिजको अवसरमा शुभ कामना आदान-प्रदान तथा बृहत् सांस्कृतिक कार्यक्रम आयोजना हुने परिषद्ले जानकारी दिएको छ।

फेस्टिभलमा प्रस्तुति दिन चर्चित लोकगायिका प्रिती आले साउदी आउने पनि परिषद्ले बताएको छ। उनले गत बकर इदमा एनआरएनए ताबुक र रियाद क्षेत्रीय समितीले आयोजना गरेको कार्यक्रममा पनि आफ्नो प्रस्तुति दिइसकेकी छिन्। एनआरएन साउदीद्वारा आयोजित तिज फेस्टिभलमा नि:शुल्क प्रवेशको व्यवस्था रहेको गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् साउदी अरबकी अध्यक्ष रविना अर्यालले जानकारी दिइन्।

अध्यक्ष अर्यालले संघका स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरू, पञ्जिकृत सदस्यहरू, साउदी अरबस्थित क्रियाशील सामाजिक तथा राजनीतिक संघ संस्थाका पदाधिकारीहरू, सामाजिक व्यक्तित्वहरू, व्यवसायी तथा बुद्धिजीवीहरू, व्यवसायी तथा वित्तीय संस्थानहरूका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू एवम् साउदी अरबमा कार्यरत नेपालीहरूलाई फेस्टिभलमा सहभागी हुन आह्वान गरेकी छन्।

कार्यक्रमको तयारीका लागि मंगलबार दम्मामस्थित नेपाली होटेलमा संघकी अध्यक्ष अर्यालको नेतृत्वमा साउदी संघसंगठनका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागितामा एक छलफल आयोजना गरिएको थियो। उक्त छलफलमा अध्यक्ष अर्यालले कार्यक्रमका लागि संघको कुनै आर्थिक सहयोग प्रयोग नगरी आफ्नै व्यक्तिगत तथा सहयोगीहरुबाट प्राप्त सहयोगबाट कार्यक्रम आयोजना गरिने बताइन्।

उनले कार्यक्रमका लागि आवश्यक सहयोग गरिदिन सक्रिय संघसंगठनका प्रतिनिधिहरुलाई आग्रह पनि गरिन्। उनको आग्रहलाई स्वीकार्दै सक्रिय संघसंगठनका अध्यक्ष तथा प्रतिनिधिहरुले आफ्नो तर्फबाट हुने सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। मध्यान्ह राष्ट्रिय दैनिक उक्त फेस्टिभलको मिडिया पार्टनर रहेको छ।


## ऋणी राजेश्वर साह, अनरुद साह, फुलादेवी साहको नाममा ऋण तिर्न आउने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति: २०८१/०५/१४**

यस तेली बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेख भए अनुसार ऋणीहरु सिताराम साहको नाति रामदेव साहको छोरा जि. सिरहा गा.वि.स. भवानीपुर-८ बस्ने राजेश्वर साहले २०७९/०३/३१ गतेका दिन यस संस्थाबाट व्यवसायिक कर्जा मिति २०८०/०३/३० भित्र सम्पूर्ण साँवा व्याज, भुक्तानी गर्ने शर्तमा जहर साहको नाती भुवनेश्वर साहको छोरा, जि.सप्तरी गा.वि.स. मधेपुरा जमुनी-९ बस्ने अनरुद कुमार साह मिति २०७७०७०६ गतेका दिन यस संस्थाबाट व्यवसायिक कर्जा मिति २०७८/७/५ गते भित्र सम्पूर्ण साँवा व्याज भुक्तानी गर्ने सर्तमा र फगुदार साह तेलस्को नातिनी रामवृक्ष साह तेलीको छोरी जि.रौतहट गा.वि.स. प्रेमपुर गोनाही-२ बस्ने फुलोदेवी साहले मिति २०७९।३।३१ गतेका दिन यस संस्थाबाट व्यवसायिक कर्जा मिति २०७९/९/३० गते भित्र सम्पूर्ण साँवा व्याज भुक्तानी गर्ने शर्तमा कर्जा लिएकोमा विभिन्न मितिमा तपाई ३ जना ऋणीहरुलाई पत्र तथा विभिन्न माध्यम मार्फत साँवा व्याज र हर्जाना भुक्तानीका लागि ताकेता गर्दा पनि चुक्ता गर्न नआउनु भएकोले यो ३५ दिने सार्वजनिक सूचना यस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। उक्त दिन भित्र सम्पूर्ण रकम भुक्तानीका लागि उपस्थित नभएमा तपाई ऋणीहरुको तथा जमानीकर्ताहरुको शेयर तथा बचत रकमबाट असुल उपर गरिने छ। यदि यस संस्थाको ऋणीहरु तथा जमानीकर्ताहरुको नाममा रहेको शेयर र बचतबाट असुल उपर नभएमा जायजेथाबाट समेत कानून बमोजिम असुल उपर गरिने व्यहोरा अन्तिम पटक यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| ऋणीको नाम:- राजेश्वर साह<br>बाजेको नाम:- सिताराम साह<br>बुवाको नाम:-रामदेव साह<br>ठेगाना:- जि.सिरहा<br>गा.वि.स.:- भवानीपुर-८ | १) विशुन देवी साह - जि.सिरहा गा.वि.स. असनपुर-८<br>२) चन्द्रिका कु. साह - जि.सिरहा गा.वि.स. बसहीपुर-४<br>३) धनीराम साह - जि. सिरहा गाविस. बसहीपुर-४<br>४) विरेन्द्र साह - जि.सिरहा गा.वि.स. कचनारी-५ |
| ऋणीको नाम:- अनरुद कुमार साह<br>बाजेको नाम:- जहर साह<br>बुवाको नाम:- भुवनेश्वर साह<br>ठेगाना:- जि.सप्तरी<br>गा.वि.स.:- मधेपुरा, जमुनी-९ | १) विनोद कु. साहु जि.सुनसरी गा.वि.स. छिटाहा-६<br>२) सरोज साह - जि.सुनसरी गा.वि.स. छिटाहा-६<br>३) रौशन साह- जि.बारा गा.वि.स. गडहल-६<br>४) सुरज साह, - जि.बारा गा.वि.स. गड़हल-६ |
| ऋणीको नाम:- फुलादेवी साह बाजे को नाम:- फागुदार साह तेली बुवाको नाम:- रामवृक्ष साह तेली ठेगाना:- जि. रौतहट<br>गा.वि.स.:- प्रेमपुर गोनाही-२ | १) पवन कमार साह - जि. सप्तरी गा.वि.स. को चाबखारी-८ २) उमेश प्र. साह तेली - जि सर्लाही गा.वि.स. वसहीपुर-४ |

**तेली बचत तथा ऋण सहकारी संस्था लि.**
शान्तिनगर-३१, काठमाण्डौं फोन नं. ०१,४१०७९४३



## साउदीमा रोजगार
कम्पनी : AL-MUNIF CONTRACTING COMPANY शहर : TABUK
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ चलानी नं.: ६०२२४३६० LT. No.:309605

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner/Helper | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL AZIZ ABBAD AL-SULMI CONTRACTING COMPANY शहर : DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ चलानी नं.: ६०२२४३५९ LT. No.:309604

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith for construction | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | | 1200 | ४२,८६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-5918559.
Email: aayusoverseas1341@gmail.com, Web: www.aayushoverseas.com.np



## साउदीमा रोजगार
कम्पनी: IDEA AND ADVANCED PROSPERITY CONTRACTING COMPANY शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०५/१३ चलानी नं.: ६०२२४३८१ L.T. No.: 309685

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader & Unloader | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Cleaning Labour | 15 | 0 | | 1000 | ३५,७२० | | | | | | | |

कम्पनी: IDEA AND ADVANCED PROSPERITY CONTRACTING COMPANY शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०५/१३ चलानी नं.: ६०२२४३७९ L.T. No.:309686

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader & Unloader | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता तिर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



## साउदीमा रोजगार
कम्पनी: RUKN QAMHIYAT BREAD AND SWEETS COMPANY FACTORY शहर:RIYADH
पूर्व स्वीकृत मिति: २०८०/१०/१० चलानी नं.: ६०२१३६६० LT. No.: 298703 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging & Wrapping Worker | 13 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ भदौ २१ गते ( 6 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com



## बहराइनमा रोजगार
कम्पनी: ALMASHRABIAH CONSTRUCTION ESTABLISHMENT शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०८१/०५/१२ चलानी नं.: ६०२२४३१९ LT. No.:309556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 5 | स. काममा दक्ष | 100 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,५०० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Elite Human Resource Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal
Tel: 01-4987995, 4989849, 4983362, Mob.: 9803031722 ,9851088873, 9808875634 , 9801188873 , 9851072628.
Email:elitehrnepal@gmail.com, www.ehr.com.np



## कतारको ULTRA LUXURY 5 STAR HOTEL & BIGGEST WATERPARK मा रोजगारको अवसर
RIXOS PREMIUM QETAIFAN ISLAND NORTH
कम्पनी : RIXOS QETAIFAN ISLAND NORTH HOSPITALITY शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/०५/१२ चलानी नं.: ६०२२४३५७ LT. No.:309711

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 4 | 5 | सम्बन्धित काममा दक्ष | 1600 | ५८,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hotel Services | 20 | 18 | | 1600 | ५८,८३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।

साथै यसै कम्पनीको लागि Lifeguard, Spa Therapist, CDP, DCDP, COMMIS I को आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरुले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नु होला । यस होटलमा जान कुनै पनि शुल्क नलाग्ने भएकाले तपाईले नि शुल्क Apply गर्न सक्नु हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No. 1147/073/74
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com



## Saudi Arab मा रोजगार
कम्पनी: GLOBAL DHIYA CONTRACTING EST. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०५/०२ चलानी नं.: ६०२२३७५७ L.T. No.: 309059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 18 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Crown Employment Consultant Pvt. Ltd.**
श्रम इजाजत नं. २३५/०५८/०५९
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Email: hr@crown.com.np | web: www.crown.com .np



## कतारमा रोजगार
कम्पनी : SOBHA CONSTRUCTION L.L.C शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ चलानी नं.: ६०२२४४१० LT. No.: 309818

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fixer | 100 | 0 | | 1200 | ४४,१२४ | | | | | | | |

अन्तर्वार्ता टेक्निकल सेन्टर, धनुषामा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SAAN NEPAL Pvt.Ltd.**
SAAN NEPAL (P.) Ltd. (A manpower consultant)
Gov. Lic. No. 734/064/065
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077.
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np



## साउदीमा रोजगारको अवसर
कम्पनी: Gulf Makers Contracting Company शहर: Al Khobar
पूर्व स्वीकृत मिति: २०८१/०५/१२ चलानी नं.: ६०२२४३३८ L.T. No.: 309716

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith/Rod Binder/Steel Fixer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | | 1400 | ५०,००८ | | | | | | | |
| 3. | Furniture Helpers | 3 | 0 | | 1200 | ४२,८६४ | | | | | | | |

कम्पनी: A child's will day care center शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ चलानी नं.: ६०२२४४०३ L.T. No.: 309790

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck/Bus Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Al-Saraya Al-Kubra Trading Company. शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ चलानी नं.: ६०२२४४०२ L.T. No.: 309791

